का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ फागुन २०७९, मंगलबार
21 February 2023, Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

**माओवादीको निचोड**



माओवादी केन्द्रको पदाधिकारी बैठक। तस्बिर : प्रदीपराज वन्त/रासस

# स्वार्थ मिल्नेसँग सहकार्य



पुस १० भन्दा अहिले परिस्थिति फेरिएको छ । गणतन्त्र, संविधानको रक्षा र शान्तिप्रक्रिया टुंगो लगाउने विषय हाम्रा स्वार्थ हुन् । यी स्वार्थमा जोसँग मिल्छ त्यससँग सहकार्य हुन्छ ।

***कृष्णबहादुर महरा***
*उपाध्यक्ष, माओवादी केन्द्र*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

राष्ट्रपतिबारे छलफल गर्न सोमबार बसेको नेकपा माओवादी केन्द्रको पदाधिकारी बैठक कुन दलको उम्मेदवारलाई समर्थन गर्ने भन्ने निष्कर्षमा पुगेन । तर, बैठक विगतमा एमालेलाई राष्ट्रपति दिने समतिमा अडिग नरहेको सन्देश प्रवाह गर्दै सकिएको छ ।

माओवादीको पदाधिकारी बैठकले पुस १० मा एमालेसँग भएको सत्तासाझेदारीको परिस्थिति बदलिएको भन्दै आफ्ना स्वार्थ मिल्नेसँग राष्ट्रपतिमा सहकार्य गर्ने निचोडमा पुगेको हो । अर्थात, पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउँदै गर्दा माओवादीले राष्ट्रपति एमालेलाई दिने सहमति गरेको थियो । तर, परिस्थिति बदलिएको भन्दै राष्ट्रपति निर्वाचनको सम्मुखमा आएपछि उसले स्वार्थ मिल्नेसँग सहकार्य गर्ने निचोड निकालेको छ । जुन एमालेसँगको विगतमा भएको सहमति तोडिएको घोषणा भएको नेताहरु बताउँछन् ।

पदाधिकारी बैठकपछि – बाँकी पृष्ठ २ मा

## ०६८ कै मतभार

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको मतभार २०६८ सालको जनगणनाकै आधारमा गरिने भएको छ ।

सोमबार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापनाका क्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले ०६८ सालको जनगणनाको आधारमा राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा संघीय संसद र प्रदेशसभा सदस्यको मतभार कायम गरिने बताएका हुन् ।

०६८ को जनगणना अनुसार संघीय सांसदको मतभार ७९ र प्रदेश सांसदको मतभार ४८ छ । संघ र प्रदेश दुवैतर्फ जोड्दा कांग्रेसको कूल मतभार १६ हजार २२१ छ । दुबै सभातर्फ जोड्दा १५ हजार २८१ मतभार रहेको एमाले दोस्रो ठूलो दल हो । दुवैतिर जोड्दा माओवादीको कूल मतभार ७,७२८ हुन आउँछ । तीनवटै सभाको कूल मतभार जोड्दा एकीकृत समाजवादीको दुई हजार ४७८, जनता समाजवादी पार्टी (जसपा) को दुई हजार ९७ मतभार छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभामा २० सिट जितेको थियो । नागरिकता विवादमा रास्वपा सभापति रवि लामिछानेको पद गएका कारण उक्त दलसँग अहिले १९ सिट मात्रै छ । यसरी रास्वपाको मतभार १,५०१ मा झरेको छ ।

प्रदेश सभा र प्रतिनिधिसभा समेत जोड्दा जनमत पार्टीको १,२४२, लोसपाको ८२७, नागरिक उन्मुक्ति पार्टीको ७६५, नेमकिपाको २२३, राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाली पार्टीको ९६ र स्वतन्त्र मतभार १२८७ छ ।

संघीय संसदका ३३४ जनाले राष्ट्रपति र उपराष्ट्रपतिका लागि मतदान गर्छन् । जसको मतभार २६ हजार ३ सय ८६ हुन आउँछ । सातवटै प्रदेश सभामा ५५० सदस्य – बाँकी पृष्ठ २ मा

# भारतीय भूमिकाप्रति नेताहरुको असन्तुष्टि

भारतीय बुद्धिजीवी एसडी मुनीले नेपालको नयाँ राष्ट्रपतिका लागि चार जना व्यक्तिको नाम नै सुझाएपछि सामाजिक सञ्जालमा आलोचना बढेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

नेपालको आन्तरिक मामिलामा विदेशी देशहरुको सक्रियता बढ्नु नौलो होइन । किनभने देशका प्रमुख अंगका व्यक्तिहरु निर्वाचित हुँदा वा चुनावको समयमा विदेशीहरुको सक्रियता धेरै बढ्ने गरेको भन्दै विज्ञहरुले टिप्पणी गर्दै आएका छन् । अमेरिका, चीन, भारतलगायतका मुलुकबाट आएका कुटनीतिज्ञहरुले राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री तथा उच्चपदस्थ अधिकारीहरुसँग घण्टौं वार्ता र संवाद सहजै गरिरहेका छन् । त्यसमध्येमा पनि भारतले भने नेपालको नयाँ राष्ट्रपति चयनमा सिधैं हस्तक्षेप गरेको चर्चा चुलिन थालेको छ ।

भारतीय बुद्धिजीवी एसडी मुनीले त नेपालको नयाँ राष्ट्रपतिका लागि चार जना व्यक्तिको नाम नै सुझाएपछि सामाजिक सञ्जालमा आलोचना बढेको छ । उनले राष्ट्रिय सहमति खोजिनुपर्ने विषय भएकाले देवेन्द्रराज पाण्डे, लोकराज बराल, दमननाथ ढुंगाना र अनुराधा कोइरालामध्ये एक जनालाई राष्ट्रपति बनाउनुपर्ने सुझाव सामाजिक सञ्जालमार्फत दिएका हुन् । तर, यसलाई कुटनीतिज्ञहरु भने अस्वभाविक नै मान्छन् । 'राजनीतिक तरलता बढेको समयमा संवेदनशील भ्रमणहरु, संवेदनशील सम्पर्कहरु र आन्तरिक मामिलामा हस्तक्षेप नहुनु नै उचित हुन्छ, तर केही समयअघि देखिको भारतीय भ्रमण र चासोले भने विशेष सन्देश नै दिएको छ,' पूर्वराजदूत एवं कुटनीतिज्ञ रमेशनाथ पाण्डेले भने । उनले नेपाल र भारतबीचको संयन्त्रको बैठक स्वभाविक भएपनि आन्तरिक विषयमा जानकारी लिनु र नाम समेत सुझाउनु भने गलत भएको प्रष्ट बताएका छन् । गत माघ १ र २ गते नेपाल भ्रमणमा आएका – बाँकी पृष्ठ २ मा

> नेपालको आन्तरिक राजनीतिमा जहिले पनि भारतलाई तानिने र भारत आफैं तानिने परम्परा चलेको छ । यो तान्ने र तानिने जुन प्रवृति छ त्यसले नेपालमा भारत विवादास्पद भइरहेको छ ।
>
> **दीपकुमार उपाध्याय**
> **पूर्वराजदूत**

# ७ वर्षपछि संघीय शिक्षा

> संविधान जारी भएको ७ वर्षपछि सरकारले संघीय शिक्षा ऐन ल्याउने तयारी गरेको छ । अघिल्लो सरकारकै पालामा ऐनको ड्राफ्ट बनेको थियो । वर्तमान सरकारले ऐन संसदमा दर्ता गर्ने अन्तिम तयारी गरेको छ ।




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

शिक्षा मन्त्रालयका अनुसार संघीय शिक्षा ऐन ल्याउनका लागि मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भइसकेको छ । अब तयार भएको संघीय शिक्षा ऐनको ड्राफ्टलाई अन्तिम रुप दिएर संसदमा दर्ता गर्ने तयारी छ । संविधान जारी भएको ७ वर्षपछि सरकारले संघीय शिक्षा ऐन ल्याउने तयारी गरेको हो । अघिल्लो सरकारकै पालामा ऐनको ड्राफ्ट बनेको थियो । वर्तमान सरकारले ऐन संसदमा दर्ता गर्ने अन्तिम तयारी गरेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको संविधानले व्यवस्था गरेबमोजिम निःशुल्क शिक्षाको हकलाई व्यवहारमा कार्यान्वयन गर्न संघीय शिक्षा ऐन ल्याउने अन्तिम तयारी गरिरहेको बताएका – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ट्याक्सी तथा बाइक राइडरको पूर्व स्वीकृति बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन

**मध्यान्ह समाचार प्रभाव**

वैदेशिक रोजगार विभागले यूएई र कतारको बाइक राइडर तथा ट्याक्सी ड्राइभरको पूर्व स्वीकृति बन्द गर्दै दुवै देशमा रहेका नेपाली दूतावासलाई मागपत्र प्रमाणीकरण स्थगित गर्न अनुरोध गरेको छ ।

यूएईमा बाइक राइडरको काममा गएका नेपाली कामदार कम्पनी तथा व्यक्तिगत कारणले फर्केर म्यानपावर कम्पनीविरूद्ध क्षतिपूर्ति माग्दै उजुरी दर्ता गर्ने घटना बढेको सम्बन्धमा गत – बाँकी पृष्ठ २ मा

### २४ घण्टाभित्र विवरण पठाउन संघको आग्रह

**काठमाडौं/मस–** साउदी अरेबियास्थित नेपाली दूतावासले नेपाली कामदारका लागि आउने मागपत्र प्रमाणीकरण तथा उनीहरूका समस्या समाधानका लागि दूतावास सक्रिय रहेको बताएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिले आइतबार जुममार्फत साउदी समस्याबारे राजदूत नवराज सुवेदी, काउन्सिलर श्रम तथा वैदेशिक रोजगार विभागको – बाँकी पृष्ठ २ मा

## यूएईमा NURSE हरूलाई रोजगारको अवसर

कम्पनी: AMERICARE L L C | शहर : UAE,ABU DHABI
पूर्व स्वीकृत मिति: २०७९/११/०८ | चलानी नं.: ६०१९६८४५ | LT. No.: 281369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurses | 0 | 22 | सम्बन्धित काममा दक्ष | 4000 | १,४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nurse General | 0 | 6 | | 5500 | १,९८,००० | | | | | | | |
| 3. | Filing Clerk | 0 | 12 | | 3000 | १,०८,००० | | | | | | | |
| 4. | Hospital Admissions Clerk | 0 | 2 | | 3000 | १,०८,००० | | | | | | | |
| 5. | Health Care Assistant | 0 | 1 | | 3000 | १,०८,००० | | | | | | | |
| 6. | Telecommunication Assistant. | 0 | 4 | | 3000 | १,०८,००० | | | | | | | |

अन्तर्वार्ता काजीको किचेन, बत्तीसपुतली गौशाला, काठमाडौंमा मिति २०७९ फागुन १६, १७ र १८ गते (28 February & 1, 2 March 2023) मा हुनेछ ।

नोट: नर्सको हकमा PCL NURSE WITH +2 PASS ANY FACULTY, BSC and BN NURSE हुनु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal
Tel:4490351, 4498920, Mobile: 98510 76290, 98010 76290
E-mail: nepallifera1476.2017@gmail.com

## Romania मा वैदेशिक रोजगारको अवसर

Indica 7 RECRUITMENT AGENCY

कम्पनी: TSD INDICA7 S.R.L.
शहर : BUCHAREST
पूर्व स्वीकृत मिति: २०७९/११/०८ | चलानी नं.: ६०१९६९२५ | LT. No.: 281373

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Helper | 15 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 25 | 5 | | 550 | ७२,७३२ | | | | | | | |
| 3. | General Worker | 40 | 10 | | 550 | ७२,७३२ | | | | | | | |
| 4. | Room Attendant | 5 | 5 | | 550 | ७२,७३२ | | | | | | | |
| 5. | Shuttering Carpenters | 10 | 0 | | 600 | ७९,३४४ | | | | | | | |
| 6. | Waiter | 5 | 0 | | 550 | ७२,७३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4970357, 4989246
Mobile : 9803569272, 9803569268, 9803569273
E-mail: info@globalwelfarehr.com, Web.: www.globalwelfarehr.com



मध्यान्ह
www.madhyanhadaily.com

९ फागुन २०७९, मंगलबार
21 February 2023, Tuesday

# सरसफाइ अभियन्ता राखेपछि कच्ची सडक पनि चिटिक्क !

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, ८ फागुन

बझाङको थलारा गाउँपालिकाले पालिका भित्रका शाखा सडकलाई सरसफाइ गर्न सडक सरसफाइ अभियन्ता राखेको छ । सडकमा जथाभावी बग्ने पानीलाई कुलेसो बनाइ निकास गर्न, सडकमा छरिएका ढुंगाहरु पन्छाउन, सडकमा परेका खाल्टाखुल्टी पुर्न र सडकमा उम्रिएका झारपात काट्न सडक सरसफाइ अभियन्ता राखिएको हो ।



सरसफाइ अभियान्ता राखिएपछि कच्ची सडकहरु सफा हुन थालेका छन् भने अहिले झनानादेखि खोली बजारसम्म अटोसमेत चल्न थालेका छन् । अटो चल्न थालेपछि आवत जावतमा समेत सहज भएको स्थानीहरुको भनाइ छ ।

पहिले सडक सफा नहुँदा यातायात चल्न नसकेर लामो समय जिपहरु कुर्नु पर्थ्यो । तर अहिले गाउँपालिकाले सडक सरसफाइ अभियन्ता राखेपछि खोलीसम्म अटो चल्न थालेकाछन् । त्यसैले हतार भए अटो लिएर जान सकिन्छ । गाउँपालिकाले सडक सरसफाइ अभियन्ता राखेर प्रशंसानीय कार्य गरेको थलारा गाउँपालिका वडा नम्वर ५ दुवालीका पदमराज जोशीले बताए । उनका अनुसार अहिले मुख्य शाखा सडकमा जथाभावी ढुंगाहरु छैनन् । जथाभावी पानी बगेर हुने हिलो र खाल्टाखुल्टी छैनन् भने सडक छेउछाउका झारपात पनि काटिएका छन् ।



त्यस्तै पहिले सडकमा खाल्टाखुल्टी हुन्थे, पानी पनि जथाभावी बगिरहनाले हिलो हुने गर्दथ्यो । जतातत‍ै ढुंगाहुँदा गाडी गुडाउन असहज हुन्थ्यो । तर अहिले बाटो राम्रो छ । गाडी गुडाउन एकदमै सहज भएको छ । त्यसैले गाउँपालिकाले सडक सरसफाइ अभियन्तालाई निरन्तरता दिनुपर्ने थलारा गाउँपालिका वडा नम्वर ६ निवासी तथा जिप चालक एवं व्यवसायी मदनराज पाण्डेको भनाइ छ ।

सडकले विकासका लागि महत्वपूर्ण भूमिका खेल्छ । गाउँपालिका भित्रका सडकहरु अव्यवस्थित देखिए पनि अहिले नै पिच हुने अवस्था छैन । एउटै जेसिविले सबै सडक व्यवस्थित गर्न कठिन र खर्चिलो पनि हुन थालेको गाउँपालिका अध्यक्ष प्रकाश रोकायाले बताए । त्यसमाथि गाउँका धेरै युवा बेरोजगार छन् । त्यसैले केही रोजगारीसमेत सृजना हुने र पालिकाभित्रका मुख्य शाखा सडक पनि सफा हुने सोंचकासाथ सडक सरसफाइ अभियन्ता राख्ने निर्णय गरिएको उनले बताए । 'हाललाई आवश्यकता अनुसार वडामा सडक सरसफाइ अभियन्ता राख्न निर्देशन दिएको छु' उनले भने ।

> पहिले सडकमा खाल्टाखुल्टी हुन्थे, पानी पनि जथाभाबी बगिरहनाले हिलो हुने गर्दथ्यो । सडकभरि जतातत‍ै ढुंगाहुँदा गाडी गुडाउन असहज हुन्थ्यो । तर अहिले बाटो राम्रो छ । गाडी गुडाउन एकदमै सहज भएको छ ।

वडा-वडामा सरसफाइ अभियन्ता भएपछि सडक निरन्तर मर्मत सम्भार हुन थालेको छ । सडकलाई बिगार्ने भनेकै पानीले हो । सरसफाइ अभियन्ताले पानीलाई कुलेसो खनेर व्यवस्थित गरेपछि सडक भत्कन पनि छोडेको छ । सानो-सानो कामको लागि जेसिबि पनि चलाउनु नपरेपछि त्यसमा तेलहाल्ने पैसा पनि बचत हुने उपाध्यक्ष रामबहादुर खातीले बताए ।

थलारा गाउँपालिकाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरु मध्यबाट केही युवालाई सडक सरसफाइ अभियन्ता राखेको हो । उनीहरुले सय दिनको रोजगारी पाउने र दैनिक रु ६ सय ८० का दरले ज्याला पाउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिद्धराज पण्डितले जानकारी दिए ।

गाउँपालिकाले सडक सरसफाइ अभियन्ताहरुलाई काम गर्न सावेल, बेल्चा, गैंती र हाते गाडा दिएको छ । गाउँपालिकाले एक सय दिनको रोजगारीकासाथै लगाउने हेल्मेट, बुट, ज्याकेट र पन्जा पनि दिएको छ । यस्तो रोजगार सधै पाएमा विदेश जान नपर्ने थलारा गाउँपालिका वडा नम्वर ५ का सडक सरसफाइ अभियन्ता राम सबखोलीको भनाइ छ ।

हाल थलारा गाउँपालिका भित्र १ सय ३६ किलोमिटर कच्ची सडक बनेको छ । सडकले प्रायः सबै बस्तिहरुलाई जोडेको छ । झनाना-पातिहाल्ना, झनाना-महेन्द्रधार, झनाना-घोडादाउना, झनाना-जडार सिमार महेन्द्रधार सिमार मोतिपुर झनाना छडिभेल झरना जोड्ने सडक र माडौकाट्ने जडार जोड्ने सडक थलारा गाउँपालिकाका मुख्य शाखा सडक हुन् । झनानादेखि जडारसम्मको १२ किलोमिटर सडकलाई हाल ग्राबेलिङ गर्ने कार्य भइरहेको छ भने झनाना पातिहाल्ला र झनाना उखाडीसम्मको सडकमा सरसफाइका लागि अभियन्ताहरु परिचालन गरिएको छ ।

# लुम्बिनीका कृषिमन्त्रीले लिए शपथ




**काठमाडौं/मस-** लुम्बिनी प्रदेशका नवनियुक्त मन्त्री भण्डारीलाल अहिरले पद तथा गोपनीयताको शपथ लिएका छन् । सोमबार प्रदेश प्रमुखको कार्यालय बुटवलमा प्रदेश प्रमुख अमिक शेरचनले अहिरलाई कृषि तथा भूमि व्यवस्थामन्त्रीका रूपमा शपथ गराएका हुन् । मुख्यमन्त्री लीला गिरीले बाँके क्षेत्र नम्बर-२ 'क'बाट निर्वाचित जसपाका सांसद अहिरलाई सो मन्त्रालयको जिम्मेवारीसहित प्रदेश प्रमुखसमक्ष सिफारिस गरेका थिए । लुम्बिनी प्रदेशसभामा रहेका १० मध्ये सात दलको समर्थनमा मुख्यमन्त्री बनेका गिरीले सरकार विस्तार गरेको दुई हप्ता नपुग्दै फेरि मन्त्री थपेका हुन् ।

# सवारी दुर्घटना न्यूनीकरण गर्न नीतिगत सुधार गर्छु : मन्त्री यादव




**शहबाज खान/मध्यान्ह**
बुटवल, ८ फागुन

लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री जानकीप्रसाद यादवले सवारी दुर्घटना न्यूनीकरणका लागि नीतिगत सुधार गर्ने बताएका छन् । उनले मन्त्रालयबाट हुनसक्ने आवश्यक सवारी नीतिहरुको सुधारमा पनि प्रयास गर्ने प्रतिबद्धता जनाए । सोमबार राष्ट्रिय सडक समितिले बुटवलमा आयोजना गरेको सुरक्षित सडक तथा दिगो यातायात कार्यक्रममा मन्त्री यादवले मानव जीवनलाई सुरक्षित बनाउन तत्काल हुनसक्ने नीति, नियम निर्माण गर्ने बताएका हुन् ।

उनले सवारी चालकको आफ्नै लापरवाहीले बढी सडक दुर्घटना हुने गरेको दाबी गरे । सवारी चालकले ट्राफिक नियमको पालना नगर्दा र मादक पदार्थ सेवन गरेर गाडी चलाउँदा अकालमै ज्यान जाने गरेकोमा सचेत गराए । उनले सवारी दुर्घटना न्यूनीकरणका लागि आवश्यक सल्लाह-सुझाव मन्त्रालयमा पेश गर्न सुरक्षाकर्मीहरुलाई अनुरोध समेत गरेका छन् ।

# राजधानीमा अणुव्रत प्रभातफेरी शोभायात्रा




**काठमाडौं/मस-** अणुव्रत आन्दोलनको हिरक जयन्तीको अवसरमा काठमाडौंमा मंगलबार बिहान प्रभातफेरी शोभायात्रा हुँदैछ । अणुव्रत अमृत महोत्सवको सन्दर्भमा नेपाल अणुव्रत समितिको आयोजनामा हुन लागेको प्रभातफेरी शोभायात्रामा प्रतिनिधि सभा सदस्य तथा नेपाली कांग्रेसका नेता रामहरि खतिवडा, चर्चित हाँस्य जोडी मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, पूर्व मिस नेपाल उषा खड्गीसहितको सहभागिता रहने सोमबार साँझ आयोजित पत्रकार भेटघाटमा समितिका अध्यक्ष दिनेश नौलाखाले जानकारी दिए । प्रभातफेरी कमलपोखरीस्थित भगवान महावीर जैन निकेतनबाट विहान ७:३० बजे शुरु हुनेछ ।

अध्यक्ष नौलाखाले आत्मलाई संयम् बनाउनु नै व्रत रहेको बताए । त्यसैले पूजा, आराधना र भक्ति व्यक्तिले आफ्नो आचारण शुद्धिका लागि गर्ने विधिहरु भएको उनको भनाइ थियो । अहिंसा, नैतिक आचारण र संयम्ता नै अनुव्रत भएको उनले बताए । अहिलेको समयमा अतिवाद, प्रतिस्पर्धा, रिस, ईर्श्या र द्वन्द्वबाट मानव आत्मलाई संयमित र नैतिक बनाउन अणुव्रतको अझ विशेष महत्व रहेको अध्यक्ष नौलाखाले दाबी गरे । नेपालमा अणुव्रत आन्दोलन शुरु भएको ७५ वर्ष पुगेको छ ।

## स्वार्थ...

माओवादी पार्टीका उपाध्यक्ष कृष्णबहादुर महराले स्वार्थ जोसँग मिल्छ त्यसैसँग सहकार्य गर्ने निष्कर्ष निस्केको जानकारी दिए । 'पुस १० भन्दा अहिले परिस्थिति फेरिएको छ । गणतन्त्र, संविधानको रक्षा र शान्तिप्रक्रिया टुंगो लगाउने विषय हाम्रा स्वार्थ हुन् । यी स्वार्थमा जोसँग मिल्छ त्यससँग सहकार्य हुन्छ' महराले भने ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई नेपाली कांग्रेसले पनि विश्वासको मत दिएपछि माओवादी केन्द्रले राष्ट्रपतिमा राष्ट्रिय सहमति गर्नुपर्ने बताउँदै आएको छ । सोमबारको पदाधिकारी बैठकले पनि यही विषयमा जोड दिएको हो । उपाध्यक्ष महरा थप्छन्, 'हामीले राष्ट्रिय सहमति भनेका छौं । त्यसका लागि उम्मेदवारी दिने बेलासम्म कोसिस हुन्छ ।'

२५ गते हुने राष्ट्रपतिको निर्वाचनका लागि यही फागुन १३ गते मनोनयन दर्ता हुँदैछ । त्यसैले १३ गतेसम्म पनि सहमतिको प्रयास हुने उपाध्यक्ष महराले बताए ।

## ०६८ कै...

छन् । उनीहरुको कूल मतभार २६ हजार ४०० सय हुन आउँछ ।

राष्ट्रपति निर्वाचनमा कूल ८८४ जनाले मतदान गर्नेछन् । उनीहरूको जम्मा मतभार ५२ हजार ७ सय ८६ हुन्छ । संविधानको धारा ६२ (३) अनुसार राष्ट्रपति निर्वाचनमा विजयी हुन ५१ प्रतिशत अर्थात, कम्तीमा २६ हजार ३ सय ९४ मत ल्याउनुपर्ने हुन्छ ।

प्रमुख आयुक्त थपलिया २५ फागुनमा हुने निर्वाचनका लागि संघीय संसद भवन नयाँ बानेश्वरमा दुई वटा मतदान केन्द्र रहने बताउँछन् । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्र व्यवस्था गरिएको प्रमुख आयुक्त थपलियाले जानकारी दिए ।

## भारतीय....

भारतीय विदेश सचिव विनयमोहन क्वात्रा सचिवस्तरीय बैठकका लागि आएपनि उनले उच्चस्तरीय भेटवार्ता गरेका थिए । नेपालमा राष्ट्रपति-उपराष्ट्रपतिको निर्वाचनको पूर्वसन्ध्यामा भारतीय विदेशसचिवको नेपाल आगमन र उच्चस्तरीय भेटघाटलाई लिएर आन्तरिक मामिलामा भएको हस्तक्षेप भएको भन्ने लगायतका चर्चा पनि भएका थिए । उनको भ्रमणका क्रममा प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, मन्त्री, पूर्वमन्त्री लगायत धेरै उच्चपदस्थले भेटवार्ता गरेका थिए ।

'नेपालको आन्तरिक राजनीतिमा जहिले पनि भारतलाई तानिने र भारत आफैं तानिने परम्परा चलेको छ । यो तान्ने र तानिने जुन प्रकृति छ त्यसले नेपालमा भारत विवादास्पद भइरहेको छ । त्यो कुरालाई बुझेर भारतले आन्तरिक विषयमा चासो नगर्नु नै उपयुक्त देखिन्छ,' पूर्वराजदूत दीपकुमार उपाध्यायले भने । उनले राजनीति तरल रहेको बेलामा नेपाल स्वयम्ले पनि बुद्धिमतापूर्ण कुटनीति अपनाउनुपर्ने बताउँछन् । पछिल्ला दिनमा अन्तर ाष्ट्रिय सम्बन्ध सञ्चालनमा नेपालको परिपक्वताको कमी हुँदै गएको हुँदा त्यसमा सुधार गनुपर्ने विज्ञको सुझाव छ । एकातिर कर्मचारी तहको मानिसले समेत उच्चस्तरीय भेटघाटको मौका पाउनु अनि अर्कातिर आन्तरिक मामिलामा विदेशी हस्तक्षेप बढ्नुले नेपाली राजनीति संकटोन्मुख रहेको चर्चा हुन थालेको छ ।

## संघीय...

छन् । पोखरामा सोमबार पोखरा विश्वविद्यालयको १८ औं दीक्षान्त समारोहमा बोल्दै उनले संघीय शिक्षा ऐनमार्फत् शिक्षा क्षेत्रका नीतिगत, संस्थागत, संरचनागत र कार्यगत चुनौती समाधान हुने बताए ।

'सरकारको यस प्रयासमा सम्पूर्ण शैक्षिक जगतको महत्वपूर्ण सहयोग रहनेछ भन्ने मैले विश्वास लिएको छु,' प्रचण्डले भनेका छन् ।

सामाजिक न्याय, सुशासन र समृद्धिप्रतिको नेपाल सरकारको लक्ष्य हासिल गर्न शिक्षा क्षेत्रको भूमिका सबैभन्दा अग्रणी रहने उल्लेख गर्दै उनले अगाडि भनेका छन्, 'शिक्षा क्षेत्रका सम्पूर्ण बौद्धिक महानुभावहरूको उच्च बौद्धिक सक्रियता, सकारात्मक तथा रचनात्मक सहयोग, सहकार्यबाट नै सरकारले उल्लेखित लक्ष्य हासिल गर्न सकिनेछ ।'

पोखरा विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री प्रचण्डले भूकम्प, कोभिड, रुस-युक्रेन युद्ध लगायतले विश्वव्यापी अर्थतन्त्रमा परेको असर र त्यसबाट नेपालको अर्थतन्त्रमा परेको बाछिटालाई न्यूनीकरण गर्न सरकारले विद्यार्थीको ज्ञान र सीपको अपेक्षा गरेको पनि बताए । 'वातावरणीय र जलवायू परिवर्तनका कारण भविष्यमा आउनसक्ने संकटबाट मुलुकलाई जोगाउने जिम्मेवारी तपाईहरूको काँधमा आएको छ' उनले भनेका छन् । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा शिक्षा तथा स्वास्थ्य समितिले एकीकृत शिक्षा ऐन ल्याउन सरकारलाई पटक-पटक ध्यानाकर्षण गरेको थियो । समितिले एकीकृत शिक्षा ऐनमा समावेश गर्नुपर्ने विषयलाई प्रतिवेदनका रुपमा सुझाएको थियो । राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले पनि एकीकृत शिक्षा ऐन ल्याउन निर्देश गरेको थियो । संसदीय समितिको निर्देश र सुझावहरुलाई समेत समेटेर संघीय शिक्षा ऐन ल्याउन लागिएको शिक्षा मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

## ट्याक्सी...

शनिबारको अंकमा मध्यान्ह दैनिकले 'यूएईको बाइक राइडर : व्यवसायीको गलपासो बन्दै' शीर्षकमा समाचार सार्वजनिक गरेको थियो । त्यसको दुई दिनपछि सोमबार विभागले यूएई र कतारको बाइक राइडर तथा ट्याक्सी ड्राइभरको पूर्व स्वीकृति बन्द गर्दै दुवै देशमा रहेका नेपाली दूतावासलाई मागपत्र प्रमाणीकरण बन्द गर्न अनुरोध गरेको हो । विभागले पूर्व स्वीकृति अर्को सूचना प्रकाशित नभएसम्म बन्द गरिएको जनाएको छ । विभागले उक्त पदका यसअघि पूर्वस्वीकृति दिएका वा भिसा आइसकेका कामदारको अन्तिम श्रम स्वीकृतिका विषयमा भने केही बताएको छैन ।

विभागले सोमबार जारी गरेको सूचनामा मध्यान्ह दैनिकले समाचारमा उल्लेख गरेजस्तै बाइक राइडर र ट्याक्सी ड्राइभरले स्वीकृत मापदण्डअनुसार तलब पाउन नसकेको, सहजरूपमा लाइसेन्स पाउन नसक्दा लामो समयसम्म कामविहीन बस्नु परेको, ट्राफिक नियम जानकारी नहुँदा चर्का जरिवानामा परेको तथा दुर्घटनामा परेको जस्ता गुनासा दैनिकरूपमा विभागमा आउने गरेको बताएको छ ।

यूएईमा मालिकको अण्डरमा बस्न नपर्ने, मासिक ४५ सय दिरामसम्म कमाइ हुने र त्यहाँको लाइसेन्स प्राप्त गरी नेपाल फर्केर युरोपेली मुलुकमा जान पाइने प्रलोभनमा परेका युवाहरू विभिन्न बहाना सिर्जना गरी म्यानपावर कम्पनीलाई दोष देखाएर फर्कने गरेका कारणले समस्या उब्जिएको संघका सचिव कर्णराज कटुवालले बताएका थिए ।

उनले सोमबार पनि कारोबार बन्द रहेको प्रस्तुति म्यानपावर कम्पनीबाट बाइक राइडरको काममा गएको भन्दै क्षतिपूर्तिको माग गर्न युट्युबरसहित करिब ३० जनाको समूह विभाग आएको बताए ।

## २४ घण्टाभित्र...

ध्यानाकर्षण गराएको थियो । त्यसलगत्तै दूतावासले सोमबार वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा मागपत्र अपलोड गर्ने सूचना जारी गरेको हो ।

दूतावासले नेपालका ६ सय ५० म्यानपावर कम्पनीले साउदी अरेबियामा कामदार पठाउने गरेको र उनीहरूसँग सहकार्य भइरहेको भन्दै माघ मसान्तसम्मका सबै मागपत्र फेमिसमा अपलोड गरिएको र सो अवधिमा अपलोड गरिएका मागपत्र अपलोड गर्न बाँकी वा अपलोड भएका मागपत्रमा त्रुटी भए कम्पनीको नाम, डिमाण्ड आईडी नम्बर, पावर अफ एटोर्नीको अवधि र समाप्त हुने मिति उल्लेख गरेर पठाउन आग्रह गरेको छ ।

फेमिसमा मागपत्र अपलोड गर्न शुरूवात भएपछि सन् २०२१ जनवरीयता हालसम्म २१ हजार ५ सय बढी मागपत्रबाट करिब दुई लाख नेपाली कामदारको मागपत्र प्रमाणीकरण गरिसकेको पनि दूतावासले जनाएको छ ।

संघद्वारा गठित साउदी समस्या हेर्ने समितिका सदस्य वैकुण्ठप्रसाद पौडेल (वैभव)ले आइतबारको छलफलपछि दूतावासले नेपाली कामदारको मागपत्र प्रमाणीकरण र समयमै फेमिसमा अपलोड गर्ने विषयमा पहिलेभन्दा सक्रियता देखाएको बताए ।

यता संघले फागुन २ गतेअघि प्रमाणीकरण भई फेमिसमा अपलोड नभएका मागपत्रको विवरण तत्काल संघमा पठाउन व्यवसायीहरूलाई आग्रह गरेको छ । संघका महासचिव मेघनाथ भुर्तेलले साउदी अरेबियास्थित नेपाली दूतावासबाट फागुन २ गतेभन्दा अगाडि प्रमाणीकरण भइसकेका र फेमिस सिस्टमबाट अनलाइन नभएका मागपत्र भएको खण्डमा त्यसको विवरण संघमा पठाए २४ घण्टाभित्रमा अनलाइन गर्न पहल गरिने व्यवस्था मिलाइएको जानकारी व्यवसायीहरूलाई दिइसकेको बताए ।

महासचिव भुर्तेलले पनि आइतबारको छलफलमा संघको धारणा स्पष्टरूपमा राजदूत सुवेदी तथा श्रम सहचारीहरूसँग राखिएको बताउँदै व्यवसायीहरुले पनि कुनै समस्या भए तत्काल संघको इमेलमा जानकारी गराएर समाधानका लागि अग्रसरता लिनुपर्ने आग्रह गरे ।

**भूल सच्याईएको बारे**

नेपाल नेत्रज्योति संघ, गौर आँखा अस्पतालबाट मिति २०७९/११/०६ गते प्रकाशित **'घरजग्गा खरिद सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना'** शिर्षक भएको विज्ञापनमा **'खरिद समिति'** हुनुपर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याईएको व्यहोरा अनुरोध छ ।

**भूल सुधार**

मिति २०७९/११/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर** रोजगार शिर्षकमा **L.T. No.: 266947,** चलानी नं. ६०१८२७८६, **पूर्व स्वीकृत मिति: २०२२/०७/०७**को विज्ञापनमा कम्पनी **: Blueberry industries Sdn Bhd** हुनुपर्नेमा अन्यथा भएकाले यसै सूचनाद्वारा भूलसुधार गरिएको छ ।

International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348
Mobile No.: 977 9801031586, 9818979632, 9801045628
License No. 309/059/060

**साउदीमा रोजगारको रोजगार** | कम्पनी: **Speed Cleaning Foundation For Upholstery Washing**
शहर: **Riyadh**

**पूर्व स्वीकृत मिति: २०७९/०२/०३** **चलानी नं.: ६०१७९१९८** LT. No.: 263000 **पून विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpet Cleaning Labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LABOR | 2 | 0 | | 1000 | ३५,२६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 Falgun 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Sky Of The World Manpower Pvt. Ltd.
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4588231
Mob.:9851068774, 9851035867
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

# पाठ्यपुस्तक सधैँ अभाव



मध्यान्ह संवाददाता
काठमाडौं, ८ फागुन

नयाँ शैक्षित सत्र शुरु भएसँगै सधैँ प्रत्येक वर्ष पाठ्यपुस्तक अभाव हुने गरेको छ। आगामी शैक्षिक सत्रमा पनि समयमै पाठ्युपस्तक नपुग्ने देखिएको छ। सरकारले कक्षा १ देखि ५ सम्मको पुस्तक छपाइको जिम्मा निजी क्षेत्रलाई दिएको छ तर आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तक अभाव हुने देखिएको छ।

पाठ्यक्रम विकास केन्द्रले अहिलेसम्म कुन निजी छापाखानालाई कति पुस्तक छाप्न दिने भनेर निर्णय समेत गरेको छैन।

शैक्षिक सत्र शुरु हुन डेढ महिना मात्र बाँकी रहँदा निजी क्षेत्रले पुस्तक छापेर विद्यार्थीको हातमा पुस्तक पुऱ्याउन नसक्ने देखिन्छ। वैशाख १ देखि शुरु हुने नयाँ शैक्षिक सत्रका लागि सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ५ सम्मका २४ लाख १४ हजार विद्यार्थीका लागि १ करोड २४ लाख थान पाठ्यपुस्तक आवश्यक पर्छ। ती पुस्तक छपाइको जिम्मा सरकारले निजी क्षेत्रलाई दिने निर्णय गरिसकेको छ। तर पाठ्यक्रम विकास केन्द्र छापाखाना छनोटको प्रक्रियामै अलमलिएको छ।

पाठ्यपुस्तक अभाव हुन नदिन अघिल्लो वर्ष सरकारले १ देखि ३ कक्षासम्मको पाठ्यपुस्तक छपाइको जिम्मा निजी क्षेत्रलाई दिने निर्णय गरेको थियो।

कक्षा ६ देखि १२ सम्मका २५ लाख विद्यार्थीका लागि १ करोड ४० लाख थान पुस्तक छाप्ने जिम्मा भने जनक शिक्षा सामग्री केन्द्रलाई छ। उसले पनि अहिलेसम्म ४० लाख थान पाठ्यपुस्तक मात्र छापेको छ।

**समितिले दियो निर्देशन**

यता दिगो विकास तथा सुशासन समितिले आगामी शैक्षिकसत्रदेखि मुलुकका सबै विद्यालयलाई समयमा पाठ्यपुस्तक उपलब्ध गराउन निर्देशन दिएको छ।

समितिको सोमबारको बैठकमा सभापति प्रकाश पन्तले उक्त निर्देशन दिए।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले भने, 'शैक्षिक क्षेत्रको सुधारमा सङ्घीयताको अनुभूति दिलाउन पुराना ऐन खारेज गरी नयाँ ऐन ल्याउन जरुरी छ। यसलाई प्राथमिकतामा राख्नुपर्छ। पटके निर्णयलाई नीतिगत व्यवस्था गर्नुपर्दछ। राज्यले सुधार गर्न चाहे दायित्व बहन गर्नुपर्दछ।'

जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडलगायत सम्बन्धित निकायका कार्यप्रणालीलाई विश्वास गर्न आवश्यक रहेको र तोकिएको समयमा कार्य गर्न नसकेको खण्डमा आवश्यक कदम चाली पाठ्यपुस्तक समयमा उपलब्ध हुने उनको भनाइ थियो। समितिका सभापति पन्तले भने, 'सम्बन्धित निकायका पाठ्यपुस्तक उपलब्धताका सुनिश्चितताका समस्या स्पष्ट पारेमा समिति सरोकारवाला पक्षसँग सहकार्य र समन्वय गरी समाधान गर्न तयार छौँ।'

विगतमा नभएका र गर्न नसकेका विषयलाई सुरुआत गरी पुस्तकको पुनःप्रयोग नीति अवलम्बन गर्ने विषयमा सम्बन्धित निकायले विचार गरी प्रक्रिया शुरु गर्नसक्ने उनको भनाइ थियो। जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले भने, 'विगतमा जस्तो कागजको अभाव छैन। चौबिसै घण्टा मेसिन र जनशक्ति सञ्चालनमा रहेका छन्। यो वर्ष पाठ्यपुस्तकको अभाव हुँदैन।'

कार्यक्रममा शैक्षिक क्षेत्रमा राज्यको अनुभूति दिलाउन, सार्वजनिक खरिद ऐनको समस्या अन्त्य गर्न, विकट क्षेत्रमा विशेष प्राथमिकताका साथ पुस्तक उपलब्ध गराउन, राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यमा सुधार, सम्बन्धित निकायको अनुगमन र मूल्यांकन तथा गुनासोरहित हुनेगरी पुस्तक वितरण गर्ने विषय उठान भएको थियो।

# निर्वाचन अधिकृतको कार्यालय स्थापना




**काठमाडौं / मस**–राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा सोमबारदेखि निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएको छ।

राष्ट्रपतिको निर्वाचन यही फागुन २५ गते र उपराष्ट्रपतिको निर्वाचन आगामी चैत ३ गते हुने गरी निर्वाचन आयोगले गत माघ १६ गते मिति तय गरेको थियो। सो परिसरमा सोमबार आयोजित कार्यक्रमबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कार्यालयको उद्घाटन गर्दै उक्त निर्वाचनका लागि आयोगका तर्फबाट मतदाता नामावलीको अन्तिम सूची कार्यालयलाई उपलब्ध हुने र कार्यालयले स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही फागुन १० गते मतदाता नामावली प्रकाशन गर्ने बताए।

उनले पछिल्लो राष्ट्रिय जनगणनाको प्रतिवेदन प्राप्त भइनसकेकाले विद्यमान कानूनअनुसार २०६८ सालकै राष्ट्रिय जनगणनाको परिणामलाई आधार मानी यस निर्वाचनमा मतभार कायम गरिएको जनाए। प्रमुख आयुक्त थपलियाले राष्ट्रपतिको निर्वाचनको मतदानका दिन साँझ ७ गतेभित्र मतपरिणाम प्रकाशन गर्ने गरी तयारी भएको र कुनै पनि उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा भोलिपल्ट फागुन २६ गते नै निर्वाचन गराइने बताए। मतदान अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै हुनेछ। अन्य निर्वाचन आयुक्तसमेत सहभागी कार्यक्रममा आयोगका सचिव गोकर्णमणि दुवाडीले आयोगबाट स्वीकृत कार्यक्रमअनुसार राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका कार्यक्रम सञ्चालन गर्न निर्वाचन अधिकृतको कार्यालयले कार्यारम्भ गरेको जानकारी दिए।

आयोगले न्याय परिषद्को परामर्शमा उच्च अदालत पाटनका न्यायाधीश महेश शर्मा पौड्याललाई उक्त निर्वाचनका लागि निर्वाचन अधिकृत तोकेको छ। निर्वाचन अधिकृत पौड्यालले मुलुकको सर्वोच्च पदको निर्वाचन स्वच्छ र स्वतन्त्रतरूपमा गराउन दिइएको विश्वासलाई कामबाट पुष्टि गर्ने प्रतिबद्धता व्यक्त गरे।

दुवै पदका लागि संघीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहनेछन्। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार संघीय संसद्का तीन सय ३४ र प्रदेशसभाका पाँच सय ५० गरी कूल आठ सय ८४ मतदाता रहनेछन्।

प्रतिनिधिसभामा हाल दुई सदस्य निलम्बित र एक सदस्य रिक्त रहेको छ। विद्यमान कानुनअनुसार संघीय संसद्का प्रति सदस्यको ४८ मतभारका दरले २६ हजार ४०० र प्रदेशसभा सदस्यको प्रति सदस्य ७९ मतभारका दरले २६ हजार तीन सय ८६ गरी कूल ५२ हजार सात सय ८६ मतभार कायम हुनेछ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार राष्ट्रपतिको निर्वाचनका लागि फागुन १० गते बिहान १० बजेदेखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन गरिनेछ। साथै फागुन १३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गरिनेछ। उपराष्ट्रपतिको निर्वाचनका लागि फागुन २७ गते बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेलगायतका कार्यक्रम तय गरिएको छ।

वर्तमान राष्ट्रपतिको पदावधि २०७९ साल फागुन २८ गते र उपराष्ट्रपतिको पदावधि आगामी चैत ३ गते समाप्त हुँदैछ। संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक फरक लिंग र समुदायबाट प्रतिनिधित्व हुनुपर्नेछ।

UAE मा रोजगार | कम्पनी: COSMO CENTER TRADING LLC शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६९५२ L.T. No.: 281348

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stock Filler | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Porter | 15 | 0 | | 800 | २८,८०० | | | | | | | |
| 3. | Stall and Market Salesperson | 20 | 20 | | 1200 | ४३,२०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८५११२२१९०, ९८५१०४१८११, ९८२३३०१०३५, ९८५६०३५५६०, ९८२४११४९०७

मलेसियामा रोजगारको अवसर | १. कम्पनी: SOUTH-EAST PAHANG OIL PALM BERHAD शहर: TAMAN MELAKA RAYA

पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६९५५ LT. No.:281205

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Oil palm plantation workers | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: CP ELITES SDN BHD शहर: Malaysia,CHERAS
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६९६० LT. No. 280965

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 27 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६गते (28 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

मलेसिया र साउदीमा रोजगार | कम्पनी: PK GLOBAL SECURITY SERVICES SDN BHD शहर: JALAN

पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५१५६ LT. No.: 279418 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: QUALITY WATER FACTORY शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६९६१ LT. No.: 281327

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Wrapping Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: IBDA'A AL DHEYAFA COMPANY FOR MEAL SERVICE शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६९६१ LT. No.: 281211

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Wrapping Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Sinamangal-09, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com

नेपाल सरकार
शहरी बिकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण बिभाग
सघन सहरी तथा भवन निर्माण आयोजना
झापा

**बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना**

(प्रकाशित मितिः २०७९-११-०९)

यस कार्यालयबाट तपसिल बमोजिमको योजनाहरूको बोलपत्र आव्हान सम्बन्धी प्रकाशन गरिएको सूचना बमोजिम E–gp मार्फत पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्विकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सिनं | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (प्रोभिजनल–सम समेत र भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1. | PUDBC/Jhapa/Work/ NCB/03/79/80 | PUDBC/Jhapa/Works/ NCB/03/2079/80, "Construction of Urban Infrastructure at Sandakpur Border Town, Ilam " | M/S Bauddha Nirman Sewa, ilam | 20,858,145.00 |

**Invitation for Bid**

**Date of Publication: 2079/11/09 (21th February, 2023)**
**Bid Notice No.08/RDSPR/2079/080**

1. Road Division, Shivapur invites open competitive Bidding (Single Stage Single Envelope electronic bid) from eligible bidders for the construction of following works under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification No. | Work Site & Works Description | Estimated Amount (Exclusive of VAT, PS & Contingencies) NRs. | Bid Security Amount, NRs. | Bid Validity Period/ Bid Security Validity Period | Bid Document Fee, NRs. |
|---|---|---|---|---|---|---|
| 1 | RDSPR/ 337011694/079/ 80/016 | Road improvement works on Dharedhunga-Aarubuta-Ghormare-Thamu-Rabesi-Supadeurali Sadak and Arghakhanchi jilla Daredhunga-Aarubuta-Ghormare-chahara-Mathurabesi-Supadeurali Motorbato bahuwarsiya yojana. | **12,638,446.47** | 3,45,000 | 90/120 | 3,000.00 |
| 2 | RDSPR/ 337011694/ 079/80/017 | Road improvement works on Harthok-Chhahare-Sandhikharka Sadak Palpa, Arghakhanchi. | **4,187,989.85** | 1,15,000 | 90/120 | 3,000.00 |
| 3 | RDSPR/ 337011694/ 079/80/018 | Road improvement works on Saljhandi bata Parauti-Rangbas-fedi simichaur-Deurali hudai Tamghas Sadak. | **4,187,346.49** | 1,15,000 | 90/120 | 3,000.00 |

2. Date of Purchasing, Submission and Opening of Bids;

| Last Date of Purchase and Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for the Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for the Bid Security |
|---|---|---|---|
| On or before 12:00 hour noon of 24th March, 2023. | 13:00 hours on the last date of bid submission at Road Division, Shivapur | Rastriya Banijya Bank, Taulihawa, Kapilvastu, Office Code No: 337014901; Revenue Account No: 1000200010000; RajashwaShirshak No. 14229, Office Name: Financial Comptroller General Office | Rastriya Banijya Bank Ltd. Account No. 3110100102030000 Office Name: District Treasury Controller's Office, Kapilvastu |

3. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to Road Division, Shivapur, E-mail: droshivapur@gmail.com; dro_shivapur@dor.gov.np

**Division Chief**

## सम्पादकीय

# अनावश्यक चासो

गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति चयन प्रक्रियामा सिंगो मुलुकको ध्यान तानिएको छ । मनोनयन दर्ताको दिन नजिकिदै गर्दा सत्तारूढ गठबन्धनभित्र राष्ट्रपतिको उम्मेद्वारबारे सहमति जुट्न सकेको छैन । प्रमुख सत्ता साझेदार दल नेकपा एमालेले पूर्व सहमति अनुसार आफूले राष्ट्रपति पाउनुपर्ने अडान लिएको छ । तर सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका नेताहरूले २६ पुसपछि परिस्थिति बदलिएकाले राष्ट्रिय सहमतिमा राष्ट्रपति चयन गरिनुपर्ने निष्कर्ष निकालेको छ । सोमबार बसेको माओवादी केन्द्रका पदाधिकारी बैठकले समेत प्रष्ट निर्णय गर्न सकेन । बरू अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई राष्ट्रपतिको उम्मेद्वारबारे निर्णय लिने अधिकार दिएको छ । स्वार्थ मिल्ने दलसँग सहकार्य गर्ने निष्कर्षमा भने माओवादी केन्द्र पुगेको छ ।

माओवादी केन्द्रको त्यस्तो निर्णयले नयाँ राष्ट्रपतिबारे निर्णय अझै अन्योलमा परेको छ । किनकि एमालेले जस्तै अडान नेपाली कांग्रेसले पनि लिइरहेको छ । प्रधानमन्त्रीमा प्रचण्डलाई विश्वासको मत दिएको कांग्रेसले राष्ट्रपति पद आफूले पाउनुपर्ने पहलकदमी लिइरहेको छ । माओवादी केन्द्रको निर्णयले कांग्रेसमा पनि विश्वास बढाएको छ । तर यही अन्योल र शक्ति संघर्षका कारणले मुलुक फेरि राजनीतिक अस्थिरतातिर जाने खतरा बढेको छ । चुनावपछि सरकार बनेको दुई महिनाभित्रै मुलुक अस्थिरतातिर जाने खतरा देखिनुमा बाह्य शक्तिको चलखेल भएको पनि नेताहरूले सार्वजनिक रूपमै अभिव्यक्ति दिइरहेका छन् । दलहरूबीच तानातान चलिरहेकै बेला भारतीय विदेश सचिव विनय मोहन क्वात्राले नेपाल भ्रमण गरेर नेताहरूसँग भेटवार्ता गर्नुले पनि त्यस्तो आशंका बढाएको छ ।

अझ नेपालका लागि भारतका पूर्व राजदूत एसडी मुनीले नेपालका नेताहरूको नामै लेखेर नयाँ राष्ट्रपतिका लागि सिफारिस गरे । नेपालको राष्ट्रपति चयन प्रक्रियामा सामाजिक सञ्जालबाटै कुटनीतिक भूमिका निर्वाह गरिसकेका मुनिले सुझाव दिनुलाई कतिपय हस्तक्षेपका रूपमा आपत्ति जनाएका छन् । क्वात्राको नेपाल भ्रमण, मुनीको सुझाव र नेपालमा दुई महिना अगाडि बनेको समीकरण संकटमा पर्नुलाई चासोका साथ हेरिएको छ । यसरी हस्तक्षेपका रूपमा बुझ्ने परिस्थिति बन्नुमा भारतीय पक्षबाट बिगतमा भएको अनावश्यक चासो र दबाव हो । संविधान जारी हुँदा भारतले खुलेरै नेपालविरूद्ध नाकाबन्दी गरेको थियो । त्यसअघि पनि चित्त नबुझ्दा नेपालमाथि नाकाबन्दीको तहमै जाने भारतीय शैलीका कारण अहिले राष्ट्रपति चुनावमा आशंका र आपत्तिको चर्चा भइरहेको छ । जुन दुवै मुलुकको हितमा छैन । राष्ट्रपति जस्तो महत्वपूर्ण निर्णयमा त अझ अनावश्यक चासो र चिन्ता लिनु उचित होइन ।

# व्यवस्था परिवर्तनसँगै समृद्धिको सपना

*नेपालमा लोकतन्त्रको स्थापना भएपछि जनताको आर्थिक जीवनस्तरमा जसरी परिवर्तन हुनुपर्ने हो त्यसो हुन नसके पनि केही सकारात्मक प्रभावहरू भने पक्कै परेको छ । मुख्य कुरा जनताले मौलिक हकको उपयोग निर्वाधरूपमा उपयोग गर्न पाएका छन् । जनताले चित्त नबुझेका कुराहरूमा आफ्नो आवाज पनि उठाउन सक्दछन् । विकासका लागि नयाँ सोंच र अवधारणा आउनुका साथै सुशासन र जनउत्तरदायित्वको बहसले पनि ठाउँ पाएको छ ।*

अग्रलेख



● कृष्ण अधिकारी

देशमा विद्यमान एकतन्त्रीय राणा शासनविरूद्ध शुरू भएको जनताको क्रान्तिले २००७ फागुन ७ गते सफलता पाएसँगै राणा शासनको अन्त्य गरी प्रजातन्त्रको घाम उदाएको थियो । कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको उक्त दिन नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि एक जुगमा आएको एउटा दिन थियो । नेपाली कांग्रेसको नेतृत्वमा भएको यस क्रान्तिमा नेपाल प्रजा परिषद्, कम्युनिष्टलगायतका पार्टीहरूले भाग लिएका थिए । यस विद्रोह नै नेपालको इतिहासमा संगठित विद्रोह थियो । यसैको जगमा पछि पनि पटकपटक विभिन्न नाममा भएका विद्रोहले क्रान्तिको रुप लिँदै परिवर्तन भएका थिए ।

जनताको शक्तिका अगाडि जस्तोसुकै निरंकुश शासकहरुले पनि घुँडा टेक्नै पर्छ । विश्वको इतिहासले पनि यही देखाएको छ । रुसमा जारको निरंकुश शासन, फ्रान्समा लुई सोहौंको निरंकुश शासन, बेलायतको गौरवमय क्रान्ति यसका केही उदाहरण हुन् । भारत पनि सन् १९४७ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भयो । यसको प्रभाव नेपालमा पर्नु स्वाभाविक थियो । यसले गर्दा नेपालमा निरंकुश राणा शासनको विरुद्धमा जनताहरू संगठित हुन थाले । भारतीय नेताहरूले पनि प्रजातन्त्रका लागि नेपालमा संघर्ष गर्ने जनतालाई नैतिक समर्थन दिएका थिए । राणाहरूले पहिले ब्रिटिसबाट पाइरहेको सहयोग पाएनन् । अन्तमा राणाशासन ढल्यो र नेपालमा प्रजातन्त्रको स्थापना भयो ।

वि.सं. २००७ मा प्राप्त प्रजातन्त्रले २०१५ सालमा संविधान र आम निर्वाचनबाट राम्रोसँग जरा गाड्न नपाउँदै २०१७ सालमा उखेल्ने काम भयो । त्यसले मुलुकलाई ३० वर्षसम्म फेरि अँध्यारोतिर धकेल्यो । जनतामा जीवित प्रजातन्त्रप्रतिको आस्था र भरोसाकै कारण पुनः २०४६ सालमा आन्दोलन भई खोसिएको प्रजातन्त्र प्राप्ति हुनसक्यो । विसं २०६२/६३ सालको जनआन्दोलनपछि सामन्ती राजतन्त्रको अन्त्य भएर गणतान्त्रिक व्यवस्थाको शुरुवात भएको छ । २००७ सालकै क्रान्तिमा रोपिएको संविधानसभाबाट संविधान निर्माण गर्ने बिज ढिलै भए पनि संविधानसभाबाट नयाँ संविधान जारी भएको छ । मुलुक संघीय लोकतान्त्रिक गणतान्त्रिक पद्धतिमा अघि बढ्दै गर्दा यस दिनलाई राष्ट्रिय उत्सवका रूपमा स्मरण गर्नैपर्छ ।

नेपालमा लोकतन्त्रको स्थापना भएपछि जनताको आर्थिक जीवनस्तरमा जसरी परिवर्तन हुनुपर्ने हो त्यसो हुन नसके पनि केही सकारात्मक प्रभावहरू भने पक्कै परेको छ । मुख्य कुरा जनताले मौलिक हकको उपयोग निर्वाधरुपमा उपयोग गर्न पाएका छन् । जनताले चित्त नबुझेका कुराहरूमा आफ्नो आवाज पनि उठाउन सक्दछन् । विकासका लागि नयाँ सोंच र अवधारणा आउनुका साथै सुशासन र जनउत्तरदायित्वको बहसले पनि ठाउँ पाएको छ । विकासमा जनताको सहभागिता र समान सहभागिता सुनिश्चित गर्नुपर्ने मान्यताले स्थापित भएको छ । सामाजिक समावेशिता र लैङ्गिक विभेदको अवस्थामा धेरै सुधार भएको छ ।

निश्चय पनि नेपाली जनताले लामो पर्खाइपछि पाएको २०७२ को संविधान ठूलो उपलब्धि थियो । यसले लोकतन्त्र र सामाजिक न्याय बलियो पार्ने र यसका बलमा देशको समुचित र दिगो विकास गर्ने अवसर नेपाललाई दिएको छ । लोकतन्त्रपछि जनप्रतिनिधिबाटै निर्मित संविधान हेर्ने नागरिकको चाहना पूरा भएको छ । अब हामीसँग संविधानसभाद्वारा निर्मित संविधान छ । गणतन्त्र संस्थागत हुँदै गएको छ । संघीयतासहितको तीन तहको सरकारको अभ्यास दुई वटा आवधिक निर्वाचनबाट भइरहेको छ । मुलुकभर निर्वाचित जनप्रतिनिधिद्वारा शासन सञ्चालनमा छन् । यो हिसाबले संवैधानिक र कानुनी हिसाबले मुलुक संक्रमणकाल मुक्त भएको छ ।



तथापि, लोकतन्त्रको स्थापनापछि जनतामा जुन आशा र विश्वासको सञ्चार गराएको थियो, त्यसमा धमिरा लाग्दै जान थालेको हो कि भन्ने प्रश्न धेरैले गर्न थालेका छन् । अहिले पनि लोकतन्त्रले आम जनताको विश्वास जित्न सकेको छैन । यसको मुख्य कारण हिजो लोकतन्त्रकै लागि लामो संघर्ष गरेका राजनीतिक पार्टीहरुले जनताका सामु कबुल गरेका कुराहरुको इमानदारीपूर्वक पालना गर्नुको साटो राजा महाराजाहरुकै शैली र व्यवहारलाई पछ्याउनु हो । लोकतान्त्रिक पद्धतिमा लोकतन्त्रकै घाँटी निमोठ्ने सम्भावना रहिरहने हुँदा लोकतन्त्रले आफ्नो रक्षा आफैं गर्नुपर्ने हुन्छ । यो हाम्रै विगतको अनुभवबाट पनि प्रष्ट हुन्छ ।

संविधानको रक्षा गर्ने कसम खाएर सत्तामा पुगेका राजनेताहरुको व्यवहारनै कतै संविधानलाई असफल तुल्याउन उद्यत त छैन भन्ने प्रश्न उठ्न थालेको छ । राजनीतिक पार्टीहरुबीच विश्वास र हार्दिकतामा ह्रस आउँदा लोकतन्त्र विरोधी शक्तिहरुलाई चलमलाउने राम्रो अवसर मिल्छ । विषाक्त सोंच र व्यवहारले समग्र लोकतन्त्र धरापमा पर्न जान्छ । नागरिकको हैसियत रैतीभन्दा उन्नत हुन सकेन भने जनतामा पुनः विद्रोहको भाव जागृत हुन सक्छ । राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र बलियो भयो भने मात्रै जनता र नेताबीच असल सम्बन्ध कायम हुन्छ । शक्ति र प्रभावको स्रोत आम नागरिक हुन् भन्ने यथार्थतालाई राजनेताहरुले कहिल्यै बिर्सन हुँदैन ।

लोकतन्त्रका लागि राजनीतिक दलहरुसँगै नागरिक पनि उत्तिकै बलियो हुनुपर्छ । अन्यथा दलहरु बलियो बने भने नागरिकका अधिकार संकुचित हुन्छन् र अधिनायकवाद झाँगिने खतरा रहन्छ भनिन्छ । नागरिकको सुशासनसहितको समृद्धिको आम आकांक्षा पूरा गर्नुपर्ने दायित्व सरकारको हो । सत्तालाई नै मुख्य लक्ष्य राख्न खोज्दा नागरिकप्रतिको उत्तरदायित्व ओझलमा पर्न जान्छ । यस्तै अवस्थाबाट मुलुक गुज्रिँदै जान दिनु हुँदैन । नागरिकका जायज माग, आलोचना र सुझावलाई सहज ढंगले लिनुपर्छ, प्रतिक्रियात्मक प्रवृत्ति बन्द गर्नुपर्छ । जब शासकीय वृत्तका पात्र नागरिक भावना बुझ्न असमर्थ हुन्छन्, तब उनीहरू भड्किँदै जान्छन् ।

वि.सं. २००७ मा पाएको प्रजातन्त्र २०१७ मा गुम्यो । २०४६ मा पुनः प्राप्त भएको प्रजातन्त्र २०६१ मा फेरि खोसियो र ०६२/६३ को जनआन्दोलनको बलले फेरि मुलुकमा लोकतन्त्र आएको छ । यसलाई बलियो बनाउने मुख्य जिम्मेवारी राजनीतिक दलहरुकै हो । आन्दोलन गर्ने, उपलब्धि हासिल गर्ने, उपलब्धि गुम्ने, पुनः संघर्ष गर्ने र फेरि उपलब्धि हासिल गर्ने गोलचक्करमै नेपालको लोकतान्त्रिक आन्दोलन फस्दै आएका कारण यसको संस्थागत विकास हुन अझै सकेको छैन । त्यसैले लोकतान्त्रिक यात्रा आरम्भ गरेको झन्डै साढे सात दशक पुग्दै गर्दा आज फेरि त्यसको संस्थागत विकासको आवश्यकता खट्किएको स्वयं नेताहरुका अभिव्यक्तिबाट पुष्टि हुन्छ । अब राजनीतिक आन्दोलन नभएर गरिबीको अवस्था अन्त्यका लागि सबै राजनीतिक शक्तिहरु एकमत हुन आवश्यक छ ।

जनताले अपेक्षा गरेको अर्को मुख्य कुरा सुशासन हो । सुशासन र पारदर्शिता राज्यको आधारभूत जिम्मेवारी तर यसको कार्यान्वयन सुनिश्चित हुन नसक्दा जनतामा थप नैराश्यता ल्याएको छ । तीन तहको सरकारको परिकल्पना गरी जनतालाई सुशासनको अनुभूति दिने संविधानको मर्म भएपनि जनताले त्यसको अनुभूति र गर्न पाएका छैनन् । सरकारका काम कारवाहीमा पारदर्शिता नभएसम्म सुशासन केबल नारामै सीमित रहन्छ । जनताले अनेक यातना, कष्ट सहँदै ज्यानको बाजी लगाएर लोकतान्त्रिक प्रणालीलाई संस्थागत बनाउने जिम्मा राजनीतिक पार्टीहरुलाई दिएका छन् । जनताको एउटै मात्र चाहना हो अभाव, महँगी र उत्पीडनबाट मुक्त भई नागरिकको हैसियतमा बाँच्न पाइयोस् । मुलुक छाडेर विदेसिन बाध्य युवा शक्तिलाई देशमै सम्भावना देखाउन सकिएमा मुलुकको समद्धि टाढा पनि छैन ।

लोकतान्त्रिक पद्धति र विधिबाट जनआकांक्षा पूरा गर्ने दिशामा राजनीतिक अग्रसर नभएमा नागरिक भड्काउने र भड्किन सक्ने मैदान उपलब्ध हुन्छ । समावेशी, पारदर्शी, लोकतान्त्रिक र न्यायपूर्ण समाज विकासमा देखिएका सबै विकार अन्त्य गर्दै राजनीतिक दलले आफ्नो व्यवहार र कार्यशैलीमा परिवर्तन ल्याउन अब ढिलाइ गर्नु हुँदैन । लोकतन्त्रका निम्ति मूलधारका राजनीतिक दल तथा नेताले त्यस्ता किसिमका खतरा आउन नदिन बेलैमा सोच्नुपर्छ । सत्ता दुरुपयोग, दलीय झगडा र भ्रष्टाचार बढ्न गएमा तिनै अवाञ्छित प्रतिगामी शक्तिले खेल्ने मौका पाउँछन् ।

संघीयता कार्यान्वयन र जनताको हितमा राज्य संयन्त्रको परिचालन व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अङ्ग र सम्पूर्ण सरकारी तथा सार्वजनिक संयन्त्र नेपाल र नेपालीको हितका लागि काम गर्ने राष्ट्रिय मूल प्रवाहमा आबद्ध एकअर्काका प्रवर्द्धक हुन् भन्ने आधारभूत शासकीय मान्यताका आधारमा वर्तमान सरकार सञ्चालन भइरहेको छ । त्यसका लागि संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय तहको सबलीकरण र समानुपातिक र समावेशी प्रणालीको संवैधानिक व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार कानून निर्माण र परिमार्जन गर्नेतर्फ वर्तमान सरकार अगाडि बढेको देखिन्छ । सरकार, राजनीतिक दलमा देखिने लोकतान्त्रिक चरित्र र व्यवहारमा नै जनताले उज्यालो भविष्य देख्न सक्छन् र मुलुकले समृद्धिको बाटो पहिल्याउन सक्छ ।

## सामाजिक सञ्जाल



**- मुकेश काफ्ले**

नेपाल एअरलाइन्सले दुई वटा वाइडबडी जहाज किन्दा उत्साहभन्दा 'भ्रष्टाचार' भएको आरोपमा लामो समय सडक, संसद तरगिंत भयो । एअर इन्डियाले ४७० वटा वाइडबडी/न्यारोबडी एअरक्राफ्ट खरीद गर्न एअरबस/वोइङ्ग कम्पनीसँग ८० अर्ब डलरमा सम्झौता गर्दा सिंगो भारतले गर्व महसुस गऱ्यो । सोचमा परिवर्तन आवश्यक छ ।



**- मानवी पौडेल**

बालमन्दिर जग्गा हिनामिनाबारे निष्पक्ष अनुसन्धान र संलग्नलाई कारबाहीका लागि संसदमा कुरा उठाउने कुनै सांसद भेटिएनन् है ? यी कुराहरू कुनै सांसदका प्राथमिकतामा किन नपरेका होलान् ? साच्चिकै हाम्रा सांसदलाई राष्ट्रका सम्पत्तिहरू व्यक्तिका हातमा पर्नुहुन्न भन्ने लागेन ?



**- हरिकृष्ण शाक्य**

नेपालमा कम्युनिष्टहरू बढ्दै गएकोमा पश्चिमाहरू चिन्तित छन् । नेपालमा कम्युनिष्टहरूको शासन सफल भयो भने सारा भारत खाईदिन्छ । भारतमा कम्युनिष्टहरूको शासन भयो भने विश्वको ठूलो जनसंख्यामा अधिनायक शासन हुन्छ भन्ने पश्चिमाहरूको बुझाई छ । त्यसैले त पश्चिमान नेपालमा बढ्दो कम्युनिष्टलाई रोक्न चाहान्छन् ।



**- कृष्ण अर्याल**

अब म मुलुक बनाउछु भन्ने कथितको भनाई, ऋण नतिर्नु रे ! बैंकभित्र नछिर्नु, डाँकाको अभियोग लाग्छ, बैंकका कर्मचारी बाहिर निस्किएका बेला अनुहारमा मोसो दल्नुस् रे ! अनुहारमा कालो मेसो पोत्दा पाँच दिन मात्र प्रहरी हिरासत हुन्छ रे ? सलाम छ, मुलुक बनाउने अग्रगामी वैज्ञानिक दृष्टिकोणलाई ।



**- रमेश कँडेल**

कि महेन्द्र जस्तै नेता आउनुपर्छ । नत्र बिस्तारै भारतले ढिलोचाँडो नेपाल निल्नेछ । हिजो कसैले उठाएको थियो राजाको प्रसङ्ग । राजा हुनुको अर्थ फरक रहेछ । भलै ती नालायक हुन्, उसो र आफू शक्तिशाली हुँदा पनि थापा, पाँडे, राणाहरूले राजा हटाएनन् । कांग्रेस र माओवादी त कम्फर्टेबल भएर जाने भो ।

# भगवान एक मिथक कि यथार्थ ?


विचार



● बिदुर दाहाल

जीव पहिला कि भगवान पहिला भन्ने विवाद सधैँ रहिरहने छ । जबसम्म पृथ्वी लोकमा मानिस रहिरहने छन्, तबसम्म भगवान र इश्वरको कुरा रहिरहने छ । भगवानले मानिसको सृष्टि गरेका हुन् वा जीव कोषीय विकासको परिणाम हो ? बुझाइ फरक-फरक छन् ।

विज्ञानलाई आधार मान्ने हो भने जीव (मानिस) पहिला र भगवान पछि हुनुपर्ने हो । मानिसले नै भगवान बनाएको हुनुपर्ने हो । नत्र कोही हिन्दु, कोही बौद्ध, कोही मुस्लिम अनि कोही क्रिश्चियन किन हुन्थे ? नहुनु पर्ने । सबै एउटै हुनुपर्ने होइन र ? धार्मिक दर्शनअनुसार विश्वास पनि फरक-फरक; भगवान पनि फरक-फरक । सन्तुष्टि लिने तरिका पनि फरक-फरक । कोही व्रत बस्ने, कोही पुजा अर्चना गर्ने, कोही प्रार्थना गर्ने, अनि कोही ध्यान गर्ने । जे होस् भगवानको नामबाट सन्तुष्टि लिने जसले जसरी बुझ्दा र ग्रहण गर्दा पनि मिल्ने ! भगवान छन् भन्ने आम मानिसको बुझाइ हो तर पनि हालसम्म कसैले साक्षात्कार गरेको आधिकारिक पुष्टि भएको छैन ।



त्यसैले भगवान भनेको विश्वास हो, भरोसा हो ।

कुनै समय थियो । देशहरुले संविधान, कानून र नियम बनाएका थिएनन् । शान्ति सुव्यवस्था कायम गर्न प्रहरी प्रशासन थिएन । राज्य तथा समाज चल्नुपर्ने थियो । समाजमा बेथिति र विकृति रोक्नुपर्ने थियो । त्यो रोक्ने माध्यम भगवानलाई मानियो र विश्वास पनि गरियो ।

पाप-पुण्य, स्वर्ग-नर्ग भन्ने कुरा त्यही समयबाट विकास भएको हुनुपर्छ । अपराध र बेथिति नियन्त्रण गर्ने अरु उपाय नहुँदा एक मात्र उपाय अदृश्य शक्ति भगवानलाई मानियो । यदि अदृश्य शक्ति भगवान छैन भन्ने आम मानिसलाई लागेमा दुनियाँमा अपराध र बेथिति बढ्ने थियो ।

*कुनै समय थियो, देशहरूले संविधान, कानुन र नियम बनाएका थिएनन् । शान्ति सुव्यवस्था कायम गर्न प्रहरी प्रशासन थिएन । राज्य तथा समाज चल्नुपर्ने थियो । समाजमा बेथिति र विकृति रोक्नुपर्ने थियो । त्यो रोक्ने माध्यम भगवानलाई मानियो र विश्वास पनि गरियो ।*

अदृश्य शक्ति (भगवान) सुव्यवस्था मिलाउने र सन्तुलन गर्ने माध्यम बन्न पुग्यो ।

वास्तवमा भगवान कहाँ छन् ? कस्तो स्वरुपमा छन् ? भगवानसँग साक्षात्कार अहिलेसम्म क-कसले गर्न पाएको छ ? भगवानले कसैलाई काखा र कसैलाई पाखा गर्छ कि गर्दैन ? भगवानले भक्ति गर्नेलाई मात्र फल दिने हो कि अरुलाई पनि ? भगवान मानिसका लागि मात्र होकी अन्य प्राणीका लागि पनि ? भन्ने कुराको जवाफ हालसम्म कसैले दिन सकेको छैन । त्यसकारण भगवान/इश्वर भनेको विश्वास हो । भरोसा हो । दुनियाँमा विश्वास र भरोसा नै सबैभन्दा ठूलो शक्ति हो । संसार टिकेको नै विश्वास र भरोसाले हो ।

धर्मको विश्वासले मानिसको व्यवहार एवम् आचरणलाई ठिक ठाउँमा राख्न र उसको गलत संस्कारहरूमा परिवर्तन ल्याइ उसलाई असल मानवीयताको बोध गराउने काम गरेको छ । मानिसमा उत्पन्न हुने इर्ष्या, द्वेष, घृणा, क्रोध अथवा प्रतिशोधको भावनालाई धर्मकै विश्वासले ठिक ठाउँमा राख्ने काम गरेको छ । धर्मको उद्देश्य मानव समाजलाई सुखी र समृद्ध बनाउनुमा देखिन्छ । धार्मिक विश्वासले अनियन्त्रित इच्छा आकांक्षाहरूलाई सन्तुलित राख्ने प्रयत्न गर्छ । अतः हामी भन्न सक्छौं कि धार्मिक विश्वास एक विश्वास र भरोसा मात्रै हो । जसले समाजलाई सही ढंगले नियन्त्रित गरिरहेको छ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | विदेश यात्राको योग छ । नयाँ सम्पर्क बढ्नेछ । |
| वृष | : | जनसम्पर्कमा वृद्धि हुनेछ । आजको दिन धेरै शुभ छ । |
| मिथुन | : | पुरानो मित्रसँग भेटघाट हुनेछ । स्वास्थ्य लाभ हुनेछ । |
| कर्कट | : | लगानी बढ्दै जानेछ । शुभ कार्य सम्पन्न हुनेछ । |
| सिंह | : | राजनैतिक लाभ प्राप्त हुनेछ । जिम्मेवारी थपिनेछ । |
| कन्या | : | अनावश्यक खर्चमाथि नियन्त्रण राख्नुहोला । नयाँ काम बन्नेछ । |
| तुला | : | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । अचानक धनलाभ हुने योग छ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ । अँाटेका कार्यहरू सम्पन्न हुनेछन् । |
| धनु | : | कार्यहरूमा सावधानी राख्नुहोला । सन्तानको कार्यमा उन्नति हुनेछ । |
| मकर | : | स्थान परिवर्तन हुने योग छ । नयाँ सम्बन्ध बन्नेछ । |
| कुम्भ | : | भवन लाभ हुने योग छ । श्रीमतीको सहयोग प्राप्त हुनेछ । |
| मीन | : | विस्तारै सफलता प्राप्त हुनेछ । कर्मचारीहरूमाथि नजर राख्नुपर्छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मधेशमा दाइजोरहित विवाह






पिन्टु यादव/मध्यान्ह
सप्तरी, ८ फागुन

नेपालको तराई मधेशमा कुप्रथाका रुपमा स्थापित भएको दाइजोप्रथा अन्त्यका धेरै प्रयासहरु भएका छन् । थुप्रै सामाजिक संघसंस्थाहरुले अभियान नै चलाएका छन् । दाइजोप्रथा अन्त्यका लागि जनचेतनामूलक कार्यक्रमहरु पनि थुप्रै हुने गरेका छन् । सरकारले पनि दाइजो लिनु र दिनु दुवै अपराध मानिने कानून नै बनाएको छ । यस्तो विवाहलाई उसले वर्जित समेत गरेको छ । तर पनि दाइजोप्रथा उन्मुलन हुनुको सट्टा दिनानुदिन बढ्दै गएको छ । दाइजो नल्याएको निहुँमा बुहारीमाथि कुटपिट गर्ने र कतिपय अवस्थामा ज्यानै समेत जाने गरेका घटना पनि भएका छन् । यस्तो अवस्थामा तराई मधेशमा सामाजिक धब्बाका रुपमा रहेको दाइजोप्रथा उन्मुलन गर्न सप्तरीका एक जोडीले भने विना दाइजो विवाह गर्ने भएका छन् ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाको वडा नम्बर ६ स्थायी घर भएका गंगाई यादवको छोरा नविन यादव र कञ्चनरुप नगरपालिका वडा नम्बर ९ रुपनगर स्थायी घर भएकी स्व.चन्द्र यादवको छोरी रन्जना यादवबीच फागुन २५ गते विवाह हुने टुङ्गो लागेको छ । उनीहरुको विवाह दाइजोविना नै हुने भएपछि यसले सामाजिक सञ्जालमा धेरै प्रशंसा पाइरहेको छ ।

कानुनी रुपमा अवैध मानिने दाइजो अर्थात् दुलहीका आमाबुवाले दुलहीलाई दिएर पठाउने धनमाल जडसुत्रकै सिद्धान्त अन्तर्गत पर्छन् । सदियौंदेखि यसले पाएको निरन्तरताले यसलाई प्रथाको रुपमा नै स्थापित गरिदिएको छ । दाइजोप्रथा तराई-मधेशको विकृति मात्र नभएर सामाजिक अपराध पनि हो । सरकारले दाइजोप्रथा विरुद्ध कानुनी प्रतिवन्ध लगाए तापनि यो प्रथा कायमै रहेको पाइन्छ । त्यसैले विना दाइजो विवाह गर्ने नविन र रन्जनाको निर्णयलाई सहासिक कदमका रुपमा समेत हेरिएको छ ।

नविन राजविराजबाट प्रकाशित भइरहेको पब्लिक प्रेस राष्ट्रिय दैनिक पत्रिकाका प्रकाशक हुन् । उनी बालविवाह तथा दाइजोप्रथा उन्मुलन अभियानका संस्थापक सदस्य समेत हुन् । त्यसैले दाइजो उन्मुलन अभियान आफैंबाट शुरु गर्नुपर्छ भन्ने उनको सोचको अहिले सर्वत्र प्रशंसा भएको छ ।

मधेशमा अशिक्षित परिवारभित्र मात्रै यो समस्या होइन,पढेलेखेका र दाइजो सामाजिक अपराध हो भन्ने बुझ्ने परिवारमा समेत यसले पीडा दिने गरेको छ । दाइजो नदिएकै कारणले मधेशमा वर्षेनी घरेलु हिंसाका घटना बढ्दो छ ।

पुरुषहरुमा रहेको पितृसत्तात्मक सोच नै दाइजो प्रथाको मुख्य जड हो । यसलाई अन्त्य गर्ने प्रयासहरु भएपनि घट्नुको सट्टा दिनानुदिन बढ्दै गएको छ । आठ वर्षअघि महोत्तरीको लोहारपट्टीकी सिमा र महोत्तरीकै हलखोरीका समीर मिश्रबीच मैथिली परम्परा अनुसार भएको बिहेमा ११ लाख नगदसहित पल्सर मोटरसाइकल र सुन दाइजोमा दिइएको थियो । त्यसका लागि सिमाका बुबाले सात कठ्ठा खेत नै बिक्री गर्नुपरेको समाचार सार्वजनिक भएको थियो । तर केटापक्षले थप नगद र सरसामान नल्याए घरबाट निकालिदिने धम्कीदिएपछि सिमाले नाबालिक छोरीसहित आत्महत्या गरेकी थिइन् । त्यो घटना सिमाको मात्र आत्महत्याको कथा नभएर सिंगो मधेश समाजको चित्रणका रुपमा बुझिएको थियो ।

तर अहिले पनि मधेशमा दाइजोको निहुँमा धेरै घटना रोकिएका छैनन् । छोरीको विवाह गर्न फजुल खर्च हुने गरेकाले मध्यम र निम्नस्तरका परिवारमा यसले ऋण बोकाउने र भएका पुर्ख्यौली सम्पत्ति समेत बेच्नुपर्ने समस्या छ । कुप्रथाकै रुपमा रहेको दाइजोप्रथा अन्त्य गर्न भाषण गरेर, कानुनी प्रतिबन्ध लगाएर मात्रै होइन,व्यवहारमा देखाउन आवश्यक छ । किनभने परिवर्तन आफैंबाट शुरु गरे मात्रै सम्भव छ । त्यसैले नविन-रन्जनाको जोडी मधेशका युवाहरुका लागि उदाहरणीय जोडी बनेको धेरैको बुझाइ छ । त्यसो त पछिल्लो समय मधेशका पढेलेखेका अन्य युवाहरुले यस्तो कुप्रथालाई छोड्दै गएका छन् ।

## भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) बाट जारी भएको हकदावी सम्बन्धी ३५(पैंतिस) दिने सार्वजनिक सूचना

जिल्ला नवलपरासी, साविक कुडिया गा.वि.स.-२, हाल काठमाण्डौ महानगरपालिका वडा नं. २ भाटभटेनी बस्ने दिपक प्रसाद ढुंङ्गेलको छोरा, निरज ढुंङ्गेल को नाममा हाल श्रेष्ता दर्ता कायम रहेको जि.न.प (ब.सु.प.) साविक कुडिया गा.वि.स. वडा नं. २/ख कि.नं. ४३ ज.वि. ०-१०-५ जग्गामा मोही देव नारायण तेलीको बुहारी सोनमती तेलीले मोही नामसारी र मोही जग्गा बाँडफाँड (दक्षिण तर्फ आधा ०-५-२.५) गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिई निज निवेदिकाको मिति २०७७/८/१३ मा मृत्यु भई निजको एकमात्र छोरा राज किशोर तेली गुप्ताले मुद्दा सकार गरी तारेखमा बसेकोमा यस कार्यालयबाट मिति २०७८/९/८ गते जग्गाधनी निरज ढुङ्गेलको नाउँमा १५ दिने म्याद तामेल गरी भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौं पठाईएकोमा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौंको च.नं. ८०१० मिति २०७८/१२/६ को प्राप्त पत्र अनुसार निज जग्गाधनी निरज ढुंङ्गेलको ठेगाना पत्ता नलागेको र म्याद तामेल वा टाँस गर्न समेत नसकिएको भनि म्याद फिर्ता आएकोमा मिति २०७९/६/३१ गते जग्गाधनी निरज ढुङ्गेलको नाउँमा १५ दिने म्याद तामेल गरी काठमाण्डौं महानगरपालिका वडा नं. २ भाटभटेनी टोलमा हुलाक मार्फत पठाइएकोमा ठेगाना प्रस्ट नखुलेकोले खोजी गर्दा फेला नपरेको भनी पुन म्याद फिर्ता भई आएको हुँदा यो हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । बाटाको म्याद बाहेक ३५ दिन भित्र सबुत् प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानून बमोजिमको वारेस गरी पठाउनु होला, अन्यथा कानून बमोजिम मै जाने व्यहोरा सरोकार यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

इति संवत २०७९, पौष १९ गते रोज ३ शुभम्

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७९/११/०८**

**शैलुङ पावर कम्पनी लि.** को मिति २०७९/१०/२१ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा लिनु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकाने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इलेक्ट्रो पावर कम्पनी लि. (लि. नं.:२६४६०३)** कायम गर्ने गरी मिति २०७९/११/०३ गते श्री कम्पनी रजिष्ट्रार को निर्णयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## MALAYSIA मा रोजगार

१. कम्पनी: BATU BERENDAM FAMILY STORE SDN.BHD. शहर: GUDANG
पूर्व स्वीकृत मिति: २०७९/०९/०८ चलानी नं.: ६०१९३६८६ LT. No.: 278102 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf filler | 13 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: TOP BLACK SHOP 96 SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०५/२९ चलानी नं.: ६०१८७६७४ LT. No.: 271775 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant S/Crew | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: MALAYSIAN MOSAICS SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०६/०६ चलानी नं.: ६०१८८१७८ LT. No.: 272431 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 48 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: NG LOON EM & SONS POULTRY FARM (M) SDN.BHD. शहर: Jalan
पूर्व स्वीकृत मिति: २०७९/०३/०१ चलानी नं.: ६०१८१०२७ LT. No.: 265014 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी: WINNING MARCH SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०५/३० चलानी नं.: ६०१८७७५२ LT. No.: 271722 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blue Ocean Recruitment Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com
श्रम इजाजत नं. ११६३/०७३/०७४



## साउदी र मलेशियामा रोजगार

१. कम्पनी : RANIA IBRAHIM AL-SIHATI FARM शहर: DAMMAN
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६८२८ LT. No.:281293

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Agricultural Workers | 1 | 0 | | 1000 | ३५,२६० | | | | | | | |

२. कम्पनी : Jihan Al Ezz Contracting Company (One Person Company) शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/१०/२५ चलानी नं.: ६०१७४१९५ LT. No.:257737 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : JIHAN AL EZZ CONTRACTING COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/०७/१४ चलानी नं.: ६०१९०१४२ LT. No.:274501 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Management Labor | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Worker | 1 | 0 | | 1200 | ४२,३१२ | | | | | | | |

४. कम्पनी : FORSAN FOODS AND CONSUMER PRODUCTS CO. LTD शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०८/१४ चलानी नं.: ६०१९२४०५ LT. No.:276926 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : POTLY FROZEN FOOD INDUSTRIES SDN BHD शहर: Malaysia,perak
पूर्व स्वीकृत मिति: २०७९/०७/२० चलानी नं.: ६०१९०९२२ LT. No.: 274756 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com
Gov. lic. No. 1155/073/74



## OMAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRADING & INVESTMENT ESTABLISHMENT शहर: MUSCAT
पूर्व स्वीकृत मिति: २०७९/०७/१८ चलानी नं.: ६०१९०५१० LT. No.: 274955 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baker - General | 2 | 0 | | 160 | ५४,९८८ | | | | | | | |
| 3. | Chambermaid | 4 | 0 | | 140 | ४८,११५ | | | | | | | |
| 4. | Confectioner-general | 3 | 0 | | 160 | ५४,९८८ | | | | | | | |
| 5. | Cook General | 6 | 0 | | 160 | ५४,९८८ | | | | | | | |
| 6. | Pastes Maker | 3 | 0 | | 160 | ५४,९८८ | | | | | | | |
| 7. | Presser General | 2 | 0 | | 140 | ४८,११५ | | | | | | | |
| 8. | Waiter | 3 | 0 | | 140 | ४८,११५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 february 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com
श्रम इजाजत नं. १४०२/०७४/०७५



## मलेसियामा रोजगार

कम्पनी: INSIGHT ALLIANCE SECURITY SERVICES SDN BHD शहर: Malaysia,Shah Alam
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९०५ L.T. No.: 281359

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Sinamangal -9 , Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4116686, 4566772,4566771, Fax: 4566771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com
Gov. Lic No. 141/055/056



## साउदीमा वैदेशिक रोजगार

१. कम्पनी: COMPLETE BEVERAGE COMPANY शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९०७ L.T. No.: 281475

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1400 | ४९,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: A FLAVOUR OF OUR PAST RESTAURANT TO SERVE MEALS शहर: Saudi Arabia,HAIL
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९०८ L.T. No.: 281476

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को नि:शुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०



## UAE को प्रतिष्ठित कम्पनीमा PSBD र DPS Security Guard हरुको आवश्यकता

कम्पनी: STAR SECURITY SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०९/०५ चलानी नं.: ६०१७०८९५ L.T. No.: 254353 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 270 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (SIRA) | 107 | 36 | | 1200 | ४३,२०० | | | | | | | |

PSBD को Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।
DPS को Basic Salary AED 1200 र Other Allowance र OT AED 1280 सहित AED 2480 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता निम्न स्थानहरुमा हुनेछ :
मेनपावर प्रधान कार्यालय र बसुन्धरा ब्यान्क्वैट काठमाडौंमा २०७९ फागुन १६, १९, २०, २१ र २२ गते (28 February, 3, 4, 5 & 6 March 2023) मा हुनेछ ।
होटल दिब्याश्री कास्की, पोखरामा २०७९ फागुन १७ गते (1 March 2023) मा हुनेछ ।
होटल इन टुरिस्ट इटहरी, सुनसरीमा २०७९ फागुन १८ गते (2 March 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**STARIS HR SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
Mobile: 9851336470, 9802311390.
Itahari Branch : 025-581062,9804372357, 9815246032
Pokhara Branch : 061-582710, 9827163906
श्रम इजाजत नं. १३२४/०७४/०७५



## मलेसियामा रोजगारको अवसर

१. कम्पनी: XU ZHI FOOD SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१७२४ L.T. No.: 265605 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 80 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०७/३० चलानी नं.: ६०१९१३५१ L.T. No.: 275731 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 4461353, 446117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np
श्रम इजाजत नं. ९४०/०६७/०६८



## कतारमा रोजगार

कम्पनी: J A K CONSTRUCTION शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०५/०८ चलानी नं.: ६०१८६०६६ L.T. No.: 270199 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ६१,३७० | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 4. | Foreman | 8 | 0 | | 2500 | ९०,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHI HR Solutions Pvt. Ltd.** Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd. ISO 9001:2015 Certified
**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941, 9801081902



## साउदीमा रोजगार

कम्पनी: MOHAMMED JAMAL AL-HADDAD FOR INDIVIDUAL TRANSPORT शहर: Saudi Arabia,KSA
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९४५ L.T. No.:281402

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MAGIC HAND GENERAL CONTRACTING EST. शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९४६ L.T. No.: 281400

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: THE NEW RED LINE COMPANY FOR SPARE PARTS शहर: Saudi
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९४७ L.T. No.: 281401

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload & Download Operator | 2 | 0 | स. काममा दक्ष | 2200 | ७७,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: Nassir Mohammed Al Nassir Contracting Company शहर: Dammam
पूर्व स्वीकृत मिति: २०७९/११/०८ चलानी नं.: ६०१९६९४८ L.T. No.: 281403

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Heavy Equipment | 2 | 0 | | 2500 | ८८,१५० | | | | | | | |
| 3. | Construction Worker | 2 | 0 | | 1000 | ३५,२६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५



## साइप्रसमा रोजगार

कम्पनी : SA.GI.AN MANPOWER LIMITED (LIC. NO: 224)
पूर्व स्वीकृत मिति: २०२२/०६/२२ चलानी नं.: ६०१८१५२५ LT. No.: 265338 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 3 | 0 | स. काममा दक्ष | 314 | ४४,४०६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 4 | 0 | | 900 | १२७,२७८ | | | | | | | |

कम्पनी : GEORGIOS KONTOGIANNIS PRIVATE EMPLOYMENT & IMMIGRATION SERVICES
पूर्व स्वीकृत मिति: २०२२/०३/२५ चलानी नं.: ६०१७६५७३ LT. No.: 260380 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labourer | 0 | 1 | स. काममा दक्ष | 455 | ६४,३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : R. DIMITRIADIS SERVICES LTD
पूर्व स्वीकृत मिति: २०२१/१०/२९ चलानी नं.: ६०१६६५७८ LT. No.: 249556 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 1 | 0 | स. काममा दक्ष | 314 | ४४,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १६ गते (28 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
